# भोजपुर नगरपालिका

# स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७५

**भोजपुर नगरपालिका**

भोजपुर जिल्ला

१ नं. प्रदेश, नेपाल

**प्रस्तावना :**

स्थानीय वासिन्दाहरुको आधारभुत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, ''नेपालको संविधान को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची लनं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मिति ..........................को नगर सभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनलाई स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७५ भनिने छ ।

(ख) नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषा : विष्य वा प्रसंगले अकार्य अर्थ नलागेमा यस ऐनमा

(क) ''ऐन" भन्नाले यस नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्नेछ ।

(ख) ''संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले भोजपुर  नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(घ) "सरकारी  वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्व संचालन भएमा सवास्थ्य संस्थालाई सम्झनु पर्दछ  ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन  हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्नेछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य सस्थालाई सम्झनु पर्नेछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अर्न्तग तबनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्नेछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नरगपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्नेछ ।

(झ) “स्वास्थ्य सस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकिलाई सम्झनु पर्नेछ ।

## परिच्छेद २

## आधारभुत स्वास्थय सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभुत स्वास्थय सेवा प्रदायकहरु : स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा पदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिक सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आर्युवेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थय सेवा प्रदायक हुनेछन् ।

(ख) निजी : निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी सस्थाहरको अधिनस्य: ट्रष्ट वा लोककल्याणकारी सस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थय केन्द्र, घुम्ति क्लिनिक यस अर्न्तगत पर्दछन् ।

४. स्वास्थ्य सेवा प्रदायक सस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक सस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुने छ ।

५. स्वास्थ्य सेवा व्यवसथापन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) स्थानिय नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठटन गरिने छ ।

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु प्रत्येक दुइ वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना- सदस्य

(ग) आमा समूह र स्वास्थय स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) स्वास्थ्य सस्था व्यवस्थापन समितिका अध्यक्ष म्धये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(ङ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) स्वाथ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम कार्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य सस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने परिचालान गर्ने गराउने ।

(ङ) स्वास्थ्य संथाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्न गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहचिान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) नगरपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोनजिमका अन्य कार्यहरु गर्ने ।

६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संथा व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहायका देहाय बमोजिम सदस्य रहने गरी हरेक सस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य
अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाकलाप मध्ये वडा समितिबाट मनोनित महिला १ जना
सदस्य

(ग) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रध्यानाध्यापक
सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव
सदस्य

(ङ) सम्बन्धित स्वास्थ्य सस्थाको प्रमुख सदस्य
सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम, कनर्तव्य र अधिकार

(क) आफ्नो स्वास्थ्य सस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थय सस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्यांकनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाको कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकाले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

७. बैंक खाता संचालन : हरेक स्वास्थय सस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्वस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद २

## स्वास्थय सस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

८. अस्पताल तथा स्वाथ्य सस्था सञ्चालन मापदड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) स्वास्थय चौकी : नगरपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपात कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नु पर्दछ ।

(क) जनशक्ति : स्वास्थ्य सहायक (हेल्थ असिस्टेट) १ जना, अहेब २ जना, अनमी २ जना, आवश्यक्ता अनुसार सहायक कर्मचारीहरु

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभुत उपकरण, ................

(३) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथामुलक र वैकल्पिक चिकित्सा सेवाको प्रर्वद्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैले कम्तीमा एउटा आर्युवेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्दछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी सस्थाद्धारा अस्पताल संचालन गर्न चाहेका १५ शैया सम्मको संचालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगरपालिकाले ........... समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय प्रदान गर्नेछ ।

(५) तोकिएको सयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

१०. अस्पताल संचालन गर्न आश्यक मापदण्डः नगरपालिको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नु पर्दछ ।

(१) जनशक्ति : कम्तिमा २ जना एम.वि.एस. डाक्टर, कम्तिँमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन । आवश्यक मात्रमा सहायक र सहायेगी सवास्थयकर्मी

(२) भवन तथा कोठा दर्ता चलानी, वहिरंग सेवा, इर्मजेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, ......

(३) उपकरण र पुर्वाधार सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाइफ सर्पोट सिष्टम, २४ घण्टा विद्युत र खोनपानी सेवा भएको अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनु पर्ने ।

११. पोलिक्लिनिक सञ्चालनको अनुमति :

(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा सस्थाले पोलिक्लिनिक संचालन  गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ  ।

(२) पोलिक्लिनकमा विरामी जाच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन : व्यक्ति वा कुनै सस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिका समक्ष स्वीकृती लिनु पर्नेछ  ।

(१) संचालकको विवरण र नागरिताको प्रमाणपत्र

(२)  प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलाजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(५) ल्याबमा प्रयोग हुने न्युनतम उपकरणहरुको  विवरण ।

१३. फार्मेसी संचालनको अनुमति

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) आधारभुत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्रि वितरण गर्ने औषधीको प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य  सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारीस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवपरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिन सक्ने छ ।

१५. सहुलियत र छुटको व्यवस्थ गर्नुपर्ने : निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रमश लाग्ने शुल्क नगरपालिकाको सिफारीसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाह दिनु पर्नेछ ।

## परिच्छेदः ३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बधी व्यवस्था

१६. स्वास्थ्यकर्मीको व्यवस्थापन : नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टिताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीहरुको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यास्कर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका ।

१७. अभियानकर्ता/स्वास्थ्य स्वयमसेविकाको व्यवस्था : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंमसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंमसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वयंमसेविका र ५०० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्ने छ ।

(३) प्रत्येक स्वयंमसेविका र अभियानकर्ताहरुले आधारभुत स्वास्थ्य सम्बन्धी सस्थाहरुहरुले आवश्यक्ता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर र ५० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि विदाइ गरिने छ । नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकाराले तोकेको स्केल बमोजिम तलब र स्थानीय नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलव स्केल र दुई पक्षबीचको समभ्रूदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको दुई तिहाइ रकमसम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता/स्वयंमसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यक्ता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धि अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति : सामुदायिक वा सरकारी स्वामित्वमा स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दि नगरपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दि अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य सस्थामा कायम भएको रिक्त दरवन्दि पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धि व्यवस्था देहाय बमोजिको छनौट समितिबाट हुनेछ ।

(क) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत -संयोजक

(ख) नगरपालिकाले तोकेको कम्तिमा स्नातक उतिर्ण गरको १ जना विज्ञ -सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

२०. कर्मचारी सरुवा :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य सस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य सस्थामा सरुवा हुनु पर्नेछ । विशेष परिस्थिती बाहेक न्युनतम ३ वर्ष एउटै स्वास्थ्य सस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा वाशेक न्युनतम ३ वार्ष एकै स्वास्थ्य सस्थमा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य सस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य सस्थामा सरुवा गर्न सक्नेछन् ।

(३) विशेष अवस्था भन्नाले निज सो सस्थामा रहन नसक्ने, विषयगत दरवन्दि आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नि सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुभ्दो कारण समेत बुझिनेछ ।

२१. कार्य सम्पादन करार सम्झौता गनुपर्ने : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(१) नगर अध्यक्षको रोहवरमा प्रमुख प्रशासकिय अधिकृतसँग उक्त अधिकृतले स्वास्थ्य सर्स्थाको प्रमुखहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मुल्यांकन प्रमुख प्रशासकिय र्अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ ।

(३) वार्षिक कार्य सम्पादन करारका सुचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्ने पर्नेछ ।

२२. कार्य सम्पादन मुल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हसिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मुल्यांकन, पुरस्कार र सजाय नगरपालिकाले तोके बमोाजिम हुनेछ ।

## परिच्छेद ४

## औषधी स्वास्थ्य उपकरणका खरदि, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. वार्षिक खरिद योजना बनाउनु पर्ने

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरीद गर्न वार्षिक खरीद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरीद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरीद एकाईले तयार गर्नेछ ।

२४. औषधी तथा स्वास्थ्य उपकरण खरीद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अगाढी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरीद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१) खरीद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरफाई शाखाले मिलाउनु पर्नेछ ।

(२) स्वास्थ्य उपकरण र  औषधीको खरीद चौमासिक रुपमा गर्नु पर्नेछ । खरीदको परिमाण निर्धारण सम्बन्धित वडा समितिले माग गरे बमोजिम २० प्रतिशत मा नबढाइकन गर्नु पर्नेछ ।

(३) नगरपालिकाले खरीद गरेको  उपकरण र औषधीको कुल परिमाण र मुल्य खरीद मितिको १ हप्ताभित्र  सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य सस्थाले नगरपालिकाबाट प्राप्त गरको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धि विस्तृत वितरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ  ।

## परिच्छेद ५

## स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर , सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२६. स्वास्थ्य सेवाको न्युनतम मुल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्युनतम मुल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनूरुप कार्य गराउन निर्देशन दिने छ ।

२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक निती अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यक्तानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नु पर्दछ ।

२८.सरसफाई र स्वच्छताको लागी अनुगमन तथा नियमन

(१) स्वस्थ्य खानेपानि र खाद्य पदार्थको गुणस्तर एंव वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उधोग संस्था वा व्याक्तिलाई सो सम्वन्धी सचेत गराउने र सो बाट पर्न जाने हानि नोक्सानीको क्षतिपुर्ति गराउन सिफारीस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम स्थानिय कार्यपालिकाले दण्ड जरीवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ६

## माहामारी रोकथाम, फोहरमैला व्यावस्थापन सम्वन्धी व्यवस्था

२९. रोग तथा रोगिहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानिय स्तरमा कुनै नागरीकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य सस्था वा स्वयम्सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संथा वा स्वस्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएको रोगीहरुको विवरण सम्वन्धीत स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति  र नगरपालिकाको स्वास्थ्य सुचना प्रणालिमा दाखिला गाराउनु पर्नेछ ।

३०. माहामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१) स्थानिय स्तरमा रोगको माहामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधरणलाई भ्रमणमा समेत प्रतिवन्ध लगाउन सक्नेछ ।

(२) यस्तो परीस्थीमा माहामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ती परीचालन गर्ने र थप जनशक्तीको लागी छिमेकि स्थानिय सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परीचालन गर्नुपर्छ ।

३१. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि विक्रि वितरणमा बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाट बजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकि धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा निशेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थान

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य सस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सबै घर परिवारसम्म वितरण गर्ने छन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था हुनु पर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपुर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्थ शहरी क्षेत्रमा निष्कासित फोहोरमैला पुन प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ७

## विविध

३३. प्राइभेट मेडिकल कलेज अध्ययन संथान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन सस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणिय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्युनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३५. आमा समूह, धामी झाक्रि र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्न्धी सस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. नगरपालिकाले आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/सस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तीनीहरुबाट औषधी, उपकरण , विशषज्ञ सीपहरुको सहयता प्राप्त गर्न सक्नेछ ।

३८. पुनरावेदन : ताकिएको अधिकारीले गरेको सजायको आदेशनुसार कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

३९. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४०. संक्रमणकालिन व्यवस्था : यस एनले तोकिए बमोजिम हुने भनी वयवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

४१. बाधा अडकाउ फुकाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो ओदश नगर कार्यपालिकनले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४२. बचाउ र लागु नहुने :

(१) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएमा कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।